आज मिति २०८१ साल भाद्र २० गते बिहीबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वियन समीक्षा सम्बन्धमा।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वियन समीक्षा गरियो।

प्रस्ताव नं. २ :- सामाजिक सुरक्षा भत्ता अपुग रकम माग सम्बन्धमा।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. ४७, मिति २०८१/०५/१४ गतेको थप कागजात उपलब्ध गराउने सम्बन्धी प्राप्त पत्र सम्बन्धमा यस जानकी गाउँपालिका वडा नं. ५ स्थायी ठेगाना भएका श्री गिता सिंह राठौरको तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम प्राविधिक समस्याले निजको बैङ्क खातामा जम्मा हुन नसकी रकम फिर्ता हुन गएकोले सो अपुग रकम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौँबाट माग गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ :- कर्मचारी आवश्यकता सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस गाउँपालिका र विश्व बैङ्कको साझेदारीमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग परियोजनाको लागि तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता रहेको हुँदा करार सेवामा पदपूर्ती सम्बन्धी प्रतियोगितात्मक परीक्षाको विज्ञापन आह्वान गर्ने निर्णय गरियो।

तपसिल:-

१. गाउँ कार्यपालिकाको कार्यालय तर्फ:

| क्र.सं. | पद | तह | सेवा/समूह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | आठौँ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | १(एक) | |
| २. | पशु चिकित्सक | छैठौँ | कृषि/भेटेरिनरी | १(एक) | |
| ३. | सर्भेक्षक | पाँचौ | ईन्जिनियरिङ्ग/सर्भे | १(एक) | |
| ४. | अमिन | चौथो | ईन्जिनियरिङ्ग/सर्भे | १(एक) | |
| ५. | कार्यालय सहयोगी | श्रेणीविहीन/ प्रथमस्तर | प्रशासन/सामान्य प्रशासन | १(एक) | |

२. खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना तर्फ:

| क्र.सं. | पद | तह | सेवा/समूह/उपसमूह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | इन्जिनियर | छैठौँ | इन्जिनियरिङ्ग/सिभिल | १(एक) | |
| २. | सब-इन्जिनियर | पाँचौ | इन्जिनियरिङ्ग/सिभिल | १(एक) | |
| ३. | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | १(एक) | |
| ४. | सामाजिक परिचालक | चौथो | विविध | २(दुई) | |
| ५. | कार्यालय सहयोगी | श्रेणीविहीन/ प्रथमस्तर | प्रशासन/सामान्य प्रशासन | १(एक) | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०५/२०
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ४ :- थारु समुदायको महान पर्व अट्वारी तथा अनट्टाको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा सम्वत् २०८१ साल भाद्र २३ गते पर्न गएको थारु समुदायको महान पर्व अट्वारी र सम्वत् २०८१ साल असोज ०१ गते पर्न गएको अनट्टा(अनन्त चतुर्दशी) को उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा पौराणिक नृत्य प्रस्तुती र अट्वारीमा पूजा गरिने भेवाँ(भीम) को सम्झनामा सटपुट प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

तपसिल:-

मिति :- २०८१/०५/२२ गते शनिबार ।

समय :- दिउँसो १:०० बजे ।

स्थान :- कार्यालयको प्राङ्गण, दुर्गौली, कैलाली ।

प्रस्ताव नं. ५ :- शिक्षक कामकाजमा खटाउने सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत एकमुष्ठ अनुदान कोटामा कार्यरत देहायका शिक्षकहरुलाई तपसिल बमोजिम कामकाजमा खटाउने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | शिक्षकहरुको नाम थर | हाल कार्यरत विद्यालय | कामकाज खटाईएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | दुर्गा रावल | मुक्त कमैया प्रा.वि., जानकी-३, लायकपुर | हिरा प्रा.वि., जानकी-२, बढरिया | |
| २. | सिताराम चौधरी | हिरा प्रा.वि., जानकी-२, बढरिया | मुक्त कमैया प्रा.वि., जानकी-३, लायकपुर | |

आशिषा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।५।२०
गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. ६ :- खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको बजेट खर्च गर्ने अख्तियारी दिने सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना/कार्यक्रम सञ्चालनको लागि SuTRA Module मा जानकी आयोजना कार्यान्वयन इकाई खर्च केन्द्र सृजना गरी आयोजना प्रमुख र गाउँपालिकाको लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी केन्द्रको खर्च अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक र कर्मचारीहरूको पारिश्रमिकमा नपुग थप अनुदानको दर कायम गर्ने सम्बन्धमा।

निर्णय नं. ७ :- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८१/०४/११ मा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्याविधिको क्रियाकलाप नं.१.१.४.१ मा उल्लेख भए बमोजिम सामुदायिक विद्यालयका बालविकास शिक्षक र कर्मचारीहरूको मासिक न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम जानकी गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत सामुदायिक विद्यालयका बालविकास शिक्षक र कर्मचारीहरुको परीश्रमिकमा नपुग थप अनुदान शिर्षकमा विनियोजित रकम रु. ७७,००,०००।- (अक्षेरुपी सतहत्तर लाख मात्र ।) बाट खर्च व्यवस्थापन गर्ने गरी तपसिल बमोजिम अनुदान दर कायम गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | पद | अनुदानकोटा संख्या | संघीय सरकारबाट विनियोजित (प्रति व्यक्ति मासिक रू.) | जानकी गा.पा.बाट विनियोजित (प्रति व्यक्ति मासिक रू.) | जम्मा रू. (प्रति व्यक्ति मासिक रू.) |
|---|---|---|---|---|---|
| १. | विद्यालय सहायक | ११ | १३५०० | ३५०० | १७००० |
| २. | बालविकास शिक्षक | ५२ | १०००० | ६००० | १६००० |
| ३. | विद्यालय सहयोगी | ३४ | ८००० | ७००० | १५००० |

प्रस्ताव नं ८ :- सामुदायिक विद्यालयका निजिस्रोत शिक्षक व्यवस्थापन अनुदानको दर कायम गर्ने सम्बन्धमा ।

निर्णय नं. ८ :- जानकी गाउँपालिकाको आ.व. २०८१/०८२ स्वीकृत सामुदायिक विद्यालयका निजिस्रोत शिक्षक व्यवस्थापन अनुदान शिर्षकमा विनियोजित रकम रु. ७३,००,०००।– (अक्षेरुपी त्रिहत्तर लाख मात्र।) बाट खर्च व्यवस्थापन गर्ने गरी यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयका निजिस्रोत शिक्षक व्यवस्थापन अनुदानको दर तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.सं. | पद | अनुदान कोटा संख्या | प्रति शिक्षक अनुदान दर रू. | जम्मा बार्षिक अनुदान रकम रू. |
|---|---|---|---|---|
| १. | प्रा.वि. तह (१-५) शिक्षक | १८ | ९००० | २१०६००० |
| २. | आधारभूत तह (६-८) शिक्षक | ३० | ११००० | ४२९०००० |
| ३. | माध्यमिक तह (९-१०) शिक्षक | ५ | १३००० | ८४५००० |
| | जम्मा रकम | | | ७२४१००० |

आशिक्षा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०५/२०
गणेश चौधरी
अध्यक्ष

CamScanner